# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) विराटनगर, नेपाल, चैत्र १ गते, २०७९ साल (अतिरिक्ताङ्क ४३

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## उद्योग, कृषि तथा सहकारी मन्त्रालयको सूचना

## कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०७९

प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता नियमावली, २०७८ लाई संशोधन गर्न वान्छनीय भएकोले,

प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ को नियम ४८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको नियमावली बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस नियमावलीको नाम **"कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०७९"** रहेको छ।

(२) यो नियमावली प्रदेश सरकारबाट स्वीकृत भएको मिति देखी लागू हुनेछ।

२. **<u>प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता नियमावली, २०७८ को नियम २ मा संशोधनः</u>** (१) प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता नियमावली, २०७८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (घ) को सट्टा देहाय बमोजिमको खण्ड (घ) राखिएको छः-

"(घ) "मन्त्रालय" भन्नाले कोशी प्रदेशको उद्योग विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

(२) मूल नियमावलीको नियम २ को खण्ड (ङ) खारेज गरिएको छ।

(३) मूल नियमावलीको नियम २ को खण्ड (च) मा रहेका "मन्त्रालय मातहतको निर्देशनालय वा" भन्ने शब्दहरु झिकिएका छन्।

३. <u>मूल नियमावलीको नियम ३ मा संशोधनः</u> (१) मूल नियमावलीको नियम ३ को उपनियम (२) खारेज गरिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) मूल नियमावलीको नियम ३ को उपनियम (३) को सट्टा देहाय बमोजिमको उपनियम (३) राखिएको छ।

"(३) पन्ध्र करोड रुपैयाँ भन्दा बढी अधिकृत पूँजी भएको फर्मको दर्ता मन्त्रालयको उद्योग सम्बन्धी विषय हेर्ने महाशाखाले गर्नेछ।"

स्वीकृत मितिः- २०७९/१२/१

आज्ञाले,
मेघनाथ तिमल्सेना
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- moial.p1.gov.np

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश